सुनिलस्मृति गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
सुलिचौर, रोल्पा
लुम्विनी प्रदेश, नेपाल

प.सं.: शिक्षा. -६३-२०८१/०८२
च.नं. 603

मितिः २०८१/०७/३०
ने.सं. ११४५ कछलाथ्व, १४ शुक्रबार

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री जो जससँग सम्बन्धित छ।

रोल्पा जिल्ला सुनिलस्मृति गाउँपालिका अन्तर्गत श्री जनज्योती माध्यमिक विद्यालय गजुलमा रिक्त रहेको निम्नमाध्यमिक तह विज्ञान विषय तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. ३९, मिति २०८१।०७।२९ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः
१. तोकिएको म्याद भित्र विद्यालयमा स्वयम् उपस्थित भई वा इमेल ठेगाना janajyoti2033@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन।

वोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ, रोल्पा।
श्री जनज्योति माध्यमिक विद्यालय सुनिलस्मृति-६, गजुल, रोल्पा।

2081/07/30
(सावित्रा कुमारी थापा)
नि.प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner